# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
प्रदेश नं. १, नेपाल

प.सं.: ०७८/०७९
च.नं.

### रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना
(प्रथम पटक प्रकाशित सूचना २०७९/०३/२७)

यस रतुवामाई नगरपालिकाको रोजगार सेवाकेन्द्रमा रोजगार सहायक पद १ (एक) जना खुल्ला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र तोकेको राजस्व बुझाएको नगद रसिद सहित यस रतुवामाई नगरपालिकाको रोजगार सेवा केन्द्रमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/८० | रोजगार सहायक | सहायक पाचौ तह सरह | १ ( एक) जना |

१. आवश्यक न्युनत्तम योग्यता र अनुभव :-
   - क. नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
   - ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
   - ग. आधारभूत कम्प्युटर सिप सम्बन्धि कम्तिमा ३ महिनाको तालिम लिएको।

२. दरखास्त दिने स्थान – रतुवामाई नगरपालिका, रोजगार सेवा केन्द्र सिजुवा मोरङ।

३. दरखास्त दिने अन्तिम मिति –२०७९/०४/०९ गते सम्म(सार्वजानिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन )

४. आवेदन दस्तुर : रु.५०० ( पाच सय मात्र )

५. छनौट किसिम : प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित तथा प्रयोगात्मक परिक्षा।

६. आवेदन साथ संलग्न कागजातहरु :
   - क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
   - ख. न्युनत्तम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी
   - ग. चारित्रिक प्रमाणपत्र
   - घ. तालिमको प्रमाणपत्र
   - ङ. अनुभव भए सोको कागजात
   - च. २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ। ( आवेदनको ढाचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धि अन्य विस्तृत विवरण रतुवामाई नगरपालिकाको वेबसाइट र रोजगार सेवा केन्द्रबाट उपलब्ध हुनेछ।)

०७९।३।२६

.................................
दिनानाथ लम्साल
प्रमुख प्रशासकीय अधिकृत